बैठक मितिः २०७८/१/३०

बैठक सङ्ख्या : २५

**छलफल तथा निर्णय**

१. आर्थिक वर्ष २०७८/७९ को वजेट छलफलको प्रतिवेदन आयोगबाट प्राप्त सुझाव सहित स्वीकृत गरी अर्थमन्त्री समक्ष प्रस्तुत गर्ने ।

२. नेपालमा बहुआयामिक गरिबी (Multidimensional Poverty Index (MPI) सम्बन्धी परामर्शदाताबाट प्राप्त प्रतिवेदन आयोगको प्राप्त सुझावहरू समावेश गरी स्वीकृत एवं प्रकाशन गर्ने ।

३. राष्ट्रिय योजना आयोगवाट चालु आ.व. २०७७/७८ मा भएका देहायका अध्ययन प्रतिवेदनहरू परिमार्जन एवं एकरूपता कायम गरी सार्वजनिक एवं प्रकाशन गर्नेः

क. नेपालको सरकारी खर्चको प्रवृत्तिसम्बन्धी अध्ययन

ख. नेपालमा तहगत सरकारको योजना समन्वयको संगठनात्मक संरचनाको स्वरूप र आधारको अध्ययन प्रतिवेदन,

ग. विदेशी विनिमय दर निर्धारण प्रणाली अध्ययन प्रतिवेदन,

घ. पर्यटन नीति, २०७५ नीति पुनरावलोकन अध्ययन प्रतिवेदन,

ङ. शहरी स्वास्थ्य नीति, २०७२ नीति पुनरावलोकन अध्ययन प्रतिवेदन,

च. सामुदायिक वनले राष्ट्रिय अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन प्रतिवेदन,

छ. वैदेशिक छात्रवृत्तिले निजामती सेवाको जनशक्ति व्यवस्थापनमा पारेको प्रभाव अध्ययन प्रतिवेदन,

ज. औद्योगिक नीति २०६७ पुनरावलोकन,

झ. राष्ट्रिय रोजगारी नीति २०७१ पुनरावलोकन,

ञ. कृषि व्यवसाय प्रवर्द्धन नीति पुनरावलोकन,

ट. कृषि जन्य वस्तुको आयात-निर्यातको अवस्था र यसले खाद्य सुरक्षामा पारेको प्रभाव अध्ययन गर्ने,

ठ. न्यायिक जटिलताहरुको कारण उर्जा, खानेपानी, सडक र विमानस्थल निर्माण आयोजनाको समय र लागतमा पर्ने असरको अध्ययन ।

४. खानेपानी मन्त्रालयबाट प्राप्त देहायका खानेपानी आयोजनालाई स्रोत सुनिश्चिंतता देखिएकोले बहुवर्षीय ठेक्काका लागि स्वीकृति दिनेः

क. सुभाङ्ग (बृहत पम्पिङ) खानेपानी तथा सरसफाइ आयोजना, पाँचथर,

ख. मन्डन देउपुर खानेपानी आयोजना, काभ्रेपलाञ्चोक,

ग. पालुङगटार (१–१०) बृहत पम्पिङ्ग खानेपानी आयोजना, गोरखा,

घ. बेलडाँडी खानेपानी आयोजना, झापा।

५. खानेपानी मन्त्रालयबाट देहायका आयोजानाको लागि बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि अनुरोध भै आएकोमा पहिलो वर्षका लागि स्रोत सुनिश्चितता नदेखिएकोले स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा लेखी पठाउनेः

क. रामेछाप बृहत पम्पिङ खानेपानी आयोजना, रामेछाप,

ख. कन्याम पञ्चकन्या खानेपानी आयोजना, ईलाम।

६. कोभिड पश्चातको अर्थतन्त्रको सुधार योजनाको प्रतिवेदन उपर छलफल गरियो।

७. बागमती प्रदेश, भौतिक पूर्वाधार मन्त्रालयबाट आर्थिक वर्ष २०७७।७८ मा सञ्चालित समपूरक आयोजनाहरूलाई बहुवर्षिय ठेक्का व्यवस्थाको लागि लेखी आएकोमा छलफल हुदाँ आवश्यक कारवाहीको लागि अर्थ मन्त्रालयमा पठाउने।

८. संघबाट प्रदेशमा हस्तान्तरण भै गएका सशर्त अनुदान अन्तर्गतका आयोजनाहरू मध्ये कार्य सम्पन्न भएको तर बजेटको अभावमा भुक्तानी हुन नसकेका आयोजनाहरूमा थप बजेट निकासा दिन अर्थ मन्त्रालयमा अनुरोध गर्ने।